अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङ

गोपाल बस्नेत अध्यक्ष

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०२।१२**

श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ नं | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य (रु) | |
| १ | ९,१०,११ र १२ | साल | गोलिया | B | १ | ६.३३ | ९०० | ५६९७.०० | ३,६२,३८७।— (प्रति क्यू. फि. रु १९०) |
| | | | | C | ७९ | २७६.८६ | ६०० | १६६११६.०० | |
| | | | | D | ३ | ६.२७ | ३०० | १८८१.०० | |
| | | साल जम्मा | | | ८३ | २८९.४६ | | १७३६९४.०० | |
| | | असना | गोलिया | A | ४ | ५८.९४ | ४०० | २३५७६.०० | |
| | | | | B | १७ | १६५.०२ | ३०० | ४९५०६.०० | |
| | | | | C | १०० | ५०४.५९ | १०० | ५०४५९.०० | |
| | | असना जम्मा | | | १२१ | ७२८.५५ | | १२३५४१.०० | |
| | | जामुन | गोलिया | A | १ | १२.५ | ४०० | ५०००.०० | |
| | | | | B | २ | २०.९३ | ३०० | ६२७९.०० | |
| | | | | C | ३ | १०.६१ | १०० | १०६१.०० | |
| | | जामुन जम्मा | | | ६ | ४४.०४ | | १२३४०.०० | |
| | | अन्य | गोलिया | NA | ३ | १०.४८ | १०० | १०४८.०० | |
| | | लट नं. १ को जम्मा | | | २१३ | १०७२.५३ | | ३१०६२३.०० | |
| २ | २, १० | साल | गोलिया | C | ४७ | १४३.२१ | ६०० | ८५९२६.०० | |
| | | | | D | ५ | ८.४० | ३०० | २५२०.०० | |
| | | साल जम्मा | | | ५२ | १५१.६१ | | ८८४४६.०० | |
| | | असना | गोलिया | A | ६ | ११२.९२ | ४०० | ४५१६८.०० | |
| | | | | B | १२ | १५१.८८ | ३०० | ४५५६४.०० | |
| | | | | C | २७ | १८१.५१ | १०० | १८१५१.०० | |
| | | असना जम्मा | | | ४५ | ४४६.३१ | | १०८८८३.०० | |
| | - | खयर | गोलिया | - | ३३५ | २३६.८५ | १००० | २३६८५०.०० | |
| | | खयर जम्मा | | | ३३५ | २३६.८५ | | २३६८५०.०० | |
| | | लट नं. २ को जम्मा | | | ४३२ | ८३४.७७ | | ४३४१७९.०० | |
| लट नं. १ र २ को गोलिया काठको कुल परिमाण | | | | | ६४५ | १९०७.३० | | ७४४८०२.०० | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०३।०१ गते ।

अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङ

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०३।०२ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक, तुलसीपुर शाखा, दाङमा रहेको खाता नं. ४१६०१००००३९७२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।०२ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**व्यावसायिक तरकारी खेती** : दाङको घोराही उपमहानगरपालिका-१६ तेरौंटेस्थित नवीनतम कृषि फर्ममा व्यावसायिकरूपमा गरिएको गोलभेडा खेती । घोराही-१८ मसिनाका किसान महेश पौडेलले तेरौंटेमा विगत सात वर्षदेखि करिब ११ बिगाह भाडाको जग्गामा व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ । *तस्बिर : कुलदीप न्यौपाने*

# यौनजन्य हिंसाका पीडितलाई छिटो न्याय दिन नीतिगत सुधार गर्दैछौं : गौतम

**युगबोध समाचारदाता**

काठमाडौं, ११ जेठ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले यौनजन्य हिंसाका पीडितलाई छिटो न्याय सुनिश्चित गर्न सरकार नीतिगत सुधारमा लागेको बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत कानुन न्याय तथा मानवअधिकार समितिले सिंहदरबारमा 'कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यक्षेत्र, चालु आर्थिक वर्षको प्रगति समीक्षा र आगामी कार्ययोजना' विषयक छलफलमा मन्त्री गौतमले महिला र बालबालिकामाथि हुने यौनजन्य हिंसा तथा साइबर अपराध न्यूनीकरण गर्न नीतिगत सुधारको प्रक्रिया सरकारले अघि बढाइरहेको बताउनुभयो । 'डिजिटल न्याय प्रणालीको सुदृढीकरण, वित्तीय अपराध न्यूनीकरण तथा भ्रष्टाचार नियन्त्रणका लागि कडा कानुनी व्यवस्था लागु गर्न मन्त्रालयले काम गरिरहेको छ'- मन्त्री गौतमले भन्नुभयो- 'यौनजन्य हिंसा र साइबर अपराध न्यूनीकरण गर्न नीतिगत सुधारका लागि मन्त्रालयले काम गरिरहेको छ ।'

मन्त्री गौतमले भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिन तथा समयसीमाभित्र सम्पन्न नभएका आयोजनासम्बन्धी मुद्दा मामिलाको छिटो समाधानका लागि कानुनी परामर्श प्रक्रिया सहज बनाउने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले सबै कानुन सर्वसाधारणको पहुँचमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउँदै सङ्क्रमणकालीन न्याय प्रणालीको प्रभावकारिता बढाउन जनशक्ति व्यवस्थापन तथा पीडितमैत्री भौतिक संरचना विकास गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।

बैठकमा सांसदहरूले गरिबीको रेखामुनि रहेका समुदायका लागि न्याय सुनिश्चितता, एआईको दुरुपयोग नियन्त्रण र स्वास्थ्य सेवाको प्रभावकारिता बढाउन नीतिगत सुधार आवश्यक रहेको बताउनुभयो । सांसदहरूले सबै जिल्ला र प्रदेशमा न्यायिक सेवाको पहुँच विस्तार गर्न र अदालत सेवाको दायरा बढाउन नीतिगत पहल गर्न मन्त्री गौतमको ध्यानाकर्षण गराउनुभयो ।

## देउवा दम्पतीलाई पक्राउ नगर्न सर्वोच्चको आदेश

काठमाडौं, ११ जेठ (युस)- सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उहाँकी पत्नी आरजु राणा देउवालाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीशहरू महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको इजलासले उहाँहरूलाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको हो । गत वैशाख १८ गते जारी अध्यादेश अनुसार, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको अनुसन्धानबाट चल्ने मुद्दाहरू विशेष अदालतमा पुग्नेछन् । तर विशेष अदालतको साटो काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरिएको भन्दै सर्वोच्च अदालतले जिल्ला अदालतबाट जारी भएको पक्राउ पूर्जीका आधारमा उहाँलाई पक्राउ नगर्नू, नगराउनू भनी अन्तरिम आदेश जारी गरेको हो ।

## आयोगको प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णय

काठमाडौं, ११ जेठ (युस)- सरकारले सहकारीमा भएको बेथिति जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखेलले जानकारी दिनुभयो । 'सहकारीमा भएको बेथिति जाँचबुझ आयोग २०८२ को प्रतिवेदन सार्वजनिक गर्ने'- मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै पोखेलले भन्नुभयो ।

यस्तै सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशकमा सहसचिव मुकेश डंगोललाई नियुक्त गरेको छ ।

## उद्यमबाट....

सहकारीले तरकारी उत्पादन, संकलन र बिक्री गरेर सहकारी र आफ्ना सदस्यको आर्थिक अवस्था नै बदलिदिएको छ । २०७८ देखि शुरु गरिएको सहकारीका ८ सय १० सदस्य छन् । ती मध्ये २ सय १५ जनाले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । सदस्यहरुले उत्पादन गरेको तरकारी संकलन केन्द्रसम्म ल्याउँछन् भने व्यापारी त्यहीं आएर खरिद गर्ने र थप तरीकारी सहकारीको गाडीबाट प्युठानलगायतका जिल्लामा पुऱ्याइने समुन्नतिकी अध्यक्ष अन्जु चौधरीले जानकारी दिनुभयो । ८ करोड १८ लाखको पूँजी रहेको समुन्नतिले सिंगो सदस्यहरुको उन्नतिका लागि संघर्ष गरिरहेको छ । यी सहकारी त नमूनामात्रै हुन दाङमा कुल १३ वटा उद्यमी महिला सहकारीले सदस्यहरुको आर्थिक उपार्जनमा भूमिका खेलिरहेको हेफर क्षेत्रीय कार्यालय नेपालगञ्जका वरिष्ठ कार्यक्रम प्रवन्धक प्रकाश केसीले बताउनुभयो । सहकारीका यी उद्यमशील कार्यमा सरकारले अनुदानलाई जोड दिनुपर्ने सहकारीका सदस्यहरुले माग गरेका छन् । तर लुम्बिनी प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालय योजना अनुगमन महाशाखाका हरिप्रसाद पण्डितले किसानलाई प्रोत्साहन गर्न सरकार तयार रहेको भन्दै अनुदानको सदुपयोग गर्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

## प्रशासनिक....

प्राथमिकतामा राखी पूरा गर्ने कार्य अघि बढाइने नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको छ ।

लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूका प्रमुख आर्थिक केन्द्रहरूलाई समेटी गण्डकी र कर्णाली प्रदेशलाई समेत जोड्ने प्रदेश गौरवको आयोजनाको रुपमा रहेको रामपुर-कपुरकोट सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्यलाई निरन्तरता दिइने उल्लेख छ । झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिकतामा राख्ने, एक सय २० मिटरभन्दा छोटा झोलुङ्गे पुल निर्माण गर्न स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराइनेछ । वर्षे पानी संकलनका लागि स्थानीय तहसँगको समन्वयमा कृत्रिम पोखरी, पुराना ताल तथा पोखरीको निर्माण र संरक्षण गर्न 'एक वडा एक पोखरी' कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने, पहाडका जिल्लामा छरिएर रहेका बस्तीलाई एकीकृत गर्न र बसाइसराइलाई निरुत्साहित गर्न घनाबस्ती र सहरउन्मुख क्षेत्रहरूमा बस्ती विकास तथा सहरी पूर्वाधार निर्माण कार्य विस्तार गर्दै लगिने, एक जिल्ला, एक नमूना बस्ती कार्यक्रम अन्तर्गत प्रदेशका प्रत्येक जिल्लामा कम्तिमा एउटा नमूना बस्ती विकासको लागि स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिने उल्लेख छ ।

वन्यजन्तुबाट हुने सबै प्रकारका क्षतिको लागि राहत वितरण र बिमा कार्यक्रमलाई निरन्तरता दिइने, घाइते र बिरामी वन्यजन्तुको संरक्षण गर्न उद्धार केन्द्र सञ्चालनमा ल्याई उद्धार एम्बुलेन्स सेवा शुरु गरिने उल्लेख छ । दलित, जनजाति, अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत समुदायको शिक्षामा पहुँच सुनिश्चित गर्दै सामुदायिक विद्यालय सुदृढीकरणका लागि 'मेरो विद्यालय, मेरो दायित्व' अभियान विस्तार गरिने, प्राविधिक तथा उच्च शिक्षाको विकाससँगै लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई उत्कृष्ट केन्द्रका रूपमा विकास गरिने नीति लिइने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, सीपमूलक रोजगारी प्रवर्द्धनका लागि प्रदेशभर स्किल्स म्यापिङ शुरु गरिने र सामाजिकरूपले पछाडि परेका समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

### स्वास्थ्यमा प्राथमिकता

सुरक्षित मातृत्व अभियानलाई निरन्तरता दिदै दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स र हवाई उद्धार सेवा सञ्चालन गर्ने भएको छ । सुरक्षित प्रसूति सेवा विस्तार, ग्रामीण अल्ट्रासाउन्ड सेवा तथा जनसंख्या नीति कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । 'नेपाल आरोग्य वर्ष २०२७' अन्तर्गत योग, ध्यान र मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अघि बढाइनेछ । प्रदेशका प्रमुख अस्पतालहरूको स्तरोन्नति, जलन, डायलाइसिस, क्यान्सर र मुटु रोग उपचार सेवाको विस्तार गरिने, डिजिटल स्वास्थ्य सूचना प्रणाली, मोबाइल एप र सामुदायिक स्वास्थ्य अभिलेख प्रणाली सुदृढ गरिने, आयुर्वेद र वैकल्पिक चिकित्साको प्रवर्द्धनसँगै स्वास्थ्यकर्मीको क्षमता विकास र दुर्गम क्षेत्रमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने प्रदेश सरकारले जनाएको छ । स्वास्थ्य क्षेत्रमा राप्ती प्रादेशिक अस्पताललाई दुई सय शैय्याको अस्पतालमा स्तरोन्नति गरिनेछ भने लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालमा जलन उपचार सेवा विस्तार गरिनेछ ।

### सेवा प्रवाहलाई सरलीकृत बनाइने

लुम्बिनी प्रदेश सरकारले सेवा प्रवाहलाई छिटो, सरलीकृत र प्रविधिमैत्री बनाउन डिजिटल टोकन, फाइल ट्र्याकिङ र एकल विन्दु सेवा प्रणाली लागु गर्ने भएको छ । सुशासन प्रवर्द्धनका लागि प्रदेश सदाचार नीति तर्जुमा, तथ्यमा आधारित नीति निर्माण र तथ्याङ्क प्रणाली सुदृढीकरण गरिनेछ । कर्मचारी प्रशासनलाई पारदर्शी बनाउन सरुवा-बढुवा प्रणाली सुधार, प्रदेश किताबखाना स्थापना र डिजिटल अभिलेखीकरण गरिनेछ । आयोजना बैंकमार्फत योजना छनोट र बजेट व्यवस्थापनलाई व्यवस्थित गरिनेछ । प्रदेश लोक सेवा आयोग सुदृढीकरण र अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाइने सरकारको नीति रहेको छ ।

कर्मचारी तथा शिक्षकहरूको वैयक्तिक विवरण विद्युतीय माध्यमबाट राख्न प्रदेश किताबखाना र सामाजिक सुरक्षा कोषमा आबद्ध नभएका कर्मचारीहरूको अवकाश भुक्तानीका लागि प्रदेश निवृत्तिभरण कोष स्थापना गरिने नीति कार्यक्रममा समेटिएको छ ।

# भुटानमाथि नेपालको संघर्षपूर्ण जित

**युगबोध समाचारदाता**



काठमाडौं, ११ जेठ । नेपालले वुमेन्स साफ च्याम्पियन्स २०२६ मा सोमबार विजयी शुरुवात गरेको छ ।

नेपालले भारतको गोवास्थित पण्डित जवाहरलाल नेहरु स्टेडियममा भएको समूह 'ए' को खेलमा भुटानमाथि १-० को साँघुरो जित हात पारेको हो । खेलमा एकमात्र गोल पहिलो हाफमा गीता रानाले गरिन् । उनले २४ मिनेटमा गरेको प्रहार भुटानी खेलाडीबाट डिफेक्ट हुँदै गोलमा परिणत भएको हो । यो जितपछि नेपाल तीन अंक बटुल्न सफल रह्यो र सेमिफाइनलमा एक पाइला राख्न सफल रह्यो । नेपाल र भुटानबीच भएको यो छैठौं अन्तर्राष्ट्रिय खेल हो । यसमा नेपाल पाँचौं जित निकाल्न सफल रहेको हो ।

भुटानले अहिलेसम्म नेपालविरुद्ध गोल गर्न सकेको छैन । पछिल्लो संस्करणको प्रतियोगितामा भुटानले नेपाललाई गोलरहित बराबरीमा रोकेको थियो । अब नेपालले आइतबार हुने खेलमा श्रीलंकाको सामना गर्नेछ ।


## श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङ

### गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

दोस्रो पटक प्रकाशन मिति २०८३।०२।१२ गते

श्री सातपोखरी हुरुम सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङको बनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ७ कृष्णपुर, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, जामुन, खयर र अन्य प्रजातिको गोलिया काठ थान ६४५ को १९०७.३० घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

## सल्यान जिल्लाका विभिन्न सामुदायिक वनमा खोटेसल्लाका रुखहरुबाट खोटो संकलन कार्यको लागि सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना !

प्रकाशित मिति: २०८३/०२/१२

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुर्खेत, वीरेन्द्रनगर, नेपालको मिति प.सं. ०८२/०८३ च.नं. ७७ मिति २०८३/०२/०६ गतेको पत्रानुसार स्वीकृत कार्यसूची बमोजिम प्रस्तावक संस्था/उद्योग श्री गंगा रोजिन एण्ड टर्पेन्टाईन ईण्डष्ट्रिज, जानकी गा.पा.-०६, बाँकेले सल्यान जिल्लामा ०४ स्थानीय तहहरु अन्तर्गत पर्ने जम्मा २३ वटा सा.व. हरुबाट खोटेसल्लाको खोटो संकलन तथा ढुवानी गर्ने उद्देश्यले यस राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सुनुवाईको सूचना प्रकाशित भएको छ । सोही कार्यको प्रयोजनार्थ कर्णाली प्रदेश वातावरण संरक्षण ऐन २०७७ को दफा ७ उपदफा ५ (ख) को प्रयोजनको लागि प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा स्थानीय तहका प्रतिनिधिहरुको उपस्थितिमा उक्त ऐन २०७७ को दफा ६ बमोजिम सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नुपर्ने भएैकोले तपसिल बमोजिमका स्थान, मिति र समयमा सरोकारवाला निकाय सबैलाई कार्यक्रममा उपस्थित भई आफ्नो राय सुझाव दिनुहुन विनम्र अनुरोध गर्दछौं ।

**तपसिल**

| | |
|---|---|
| **स्थान** : कपुरकोट गा.पा.-३, कपुरकोटबजार, सल्यान<br>**समय** : विहानको ११ बजेदेखि<br>**मिति** : २०८३/०२/१३ गते<br>**सा.व.उ.स.हरू**: १७ वटा<br>कपुरकोट गा.पा.- १,२,४,५,६<br>(गैरीवाङ, फुलवारी, पैंयुखोली, लालीगुराँस, हिले, शिवशक्ति, मुनाल, सिन्दुरी थारमारे, दयाधुरी, भिउसेनचुला, रैंजेखोला, गोगनपानी, अम्रैभित्ता, लालीगुराँस, काउलेखोला, सिद्धार्थ र स्यालिभित्ता झालेपहर सा.व.उ.स.) | **स्थान**: वनगाड कुपिण्डे न.पा.-१, वनगाड कुपिण्डे बजार, सल्यान<br>**समय**: विहानको ११ बजेदेखि<br>**मिति**: २०८३/०२/१४ गते<br>**सा.व.उ.स.हरू**: ६ वटा<br>वनगाड कुपिण्डे न.पा.-२,४,७<br>(दिप ज्योती, देउली भाटमारे र भिरचुली सा.व.हरु)<br>सिद्धकुमाख गा.पा.-५ (रोलखोला सा.व.) तथा कुमाख गा.पा.-१,२ (कालिका र रुमालगाँउ) |
| प्रस्तावक संस्था वा उद्योगको नाम र ठेगाना | **श्री गंगा रोजिन एण्ड टर्पेन्टाईन ईण्डष्ट्रिज**<br>जानकी गाउँपालिका-०६, बाँके, नेपालगञ्ज<br>Email : gangarosin@gmail.com<br>Mobile No. 9802374983 |
| डिभिजन वन कार्यालयको नाम र ठेगाना | **श्री डिभिजन वन कार्यालय, सल्यान**<br>Email : dfosal72@gmail.com<br>Mobile No. 9845128006 |

## जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.

तुलसीपुर-७ खर्चवा, दाङ

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

यस जनसेवा बचत त्या ऋण सहकारी संस्था लि. तुलसीपुर-७ खर्चवाका लागि तपसिलमा उल्लेख भए अनुसारको कर्मचारी आवश्यक भएकोले देहायअनुसारको योग्यता पुगेका नेपाली, नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थाको कार्यालयमा आवेदन पेश गर्नुहुनु सूचित गरिन्छ । प्राप्त निवेदनमध्ये छोटो सूचीमा पर्न सफल आवेदकहरुलाई मात्र छनोट प्रक्रियामा सहभागी गराइनेछ ।

**पद** : व्यवस्थापक **संख्या** : १

**शैक्षिक योग्यता** : स्नातक तह (व्यवस्थापन संकाय)
साथै कम्प्युटरमा word र Excel चलाउन सक्ने ।

**निवेदन शुल्क** : ५००

**आवश्यक कागजात** : नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, वायोडाटा र हस्तलिखित निवेदन ।

संयोजक
पदपूर्ति उपसमिति

## माध्यमिक विद्यालय तुलसीपुर सेन्टर

तुलसीपुर, दाङ

### आवश्यकता

सूचना प्रकाशित मिति: २०८३।०२।११ गते

यस विद्यालयमा रिक्त हुन आएको साधारणतर्फ कक्षा ११ र १२ तथा प्राविधिक धारतर्फ इलेक्ट्रिकल विषयको तपसिलको पदमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य इच्छुक नेपाली नागरिकबाट तपसिल अनुसार रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं. ०५** **पद**: शिक्षक **संख्या**: १ (एक) **विषय**: अर्थशास्त्र
**न्यूनतम शैक्षिक योग्यता**: कम्तिमा अर्थशास्त्र विषय लिई स्नातकोत्तर उत्तीर्ण वा सो सरह

**विज्ञापन नं. ०६** **पद**: शिक्षक **संख्या**: १ (एक) **विषय**: लेखाशास्त्र
**न्यूनतम शैक्षिक योग्यता**: कम्तिमा लेखाशास्त्र विषय लिई स्नातकोत्तर उत्तीर्ण वा सो सरह
**दरखास्त दस्तुर**: रू २०००।- **परीक्षाको किसिम**: लिखित, अन्तर्वार्ता
**तलब भत्ताको श्रोत**: विद्यालय श्रोत **तलव भत्ता**: मासिक ४५०००।- (विज्ञापन नं. ०५ र ०६)

**विज्ञापन नं. ०७** **पद**: इलेक्ट्रिकल प्रशिक्षक (मा.वि. द्वितीय) **संख्या**: १ (एक)
**न्यूनतम शैक्षिक योग्यता**: कम्तिमा इलेक्ट्रिकल इञ्जिनियरिङ विषय लिई स्नातकोत्तर अथवा इलेक्ट्रिकल इञ्जिनियरिङ विषयमा स्नातक गरी १ वर्षको शिक्षण अनुभव
**दरखास्त दस्तुर**: रू २०००।-

**विज्ञापन नं. ०८** **पद**: इलेक्ट्रिकल प्रशिक्षक (मा.वि. तृतीय) **संख्या**: १ (एक)
**न्यूनतम शैक्षिक योग्यता**: कम्तिमा इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह
**दरखास्त दस्तुर**: रू २०००।-

**विज्ञापन नं. ०९** **पद**: इलेक्ट्रिकल सहायक प्रशिक्षक (नि.मा.वि. तृतीय) **संख्या**: १ (एक)
**न्यूनतम शैक्षिक योग्यता**: कम्तिमा इलेक्ट्रिकल विषय लिई डिप्लोमा उत्तीर्ण वा सो सरह ।
**दरखास्त दस्तुर**: रू १५००।-

**नियुक्तिको प्रकार**: अस्थायी करार **दरखास्त दिने अन्तिम मिति**: २०८३/०२/२६ गतेसम्म
**तलव भत्ता**: नियमानुसार तलव स्केल तथा मासिक ७५०० भत्ता समेत ।
**तलव भत्ताको श्रोत**: सरकारी श्रोत **परीक्षाको किसिम**: लिखित, अन्तर्वार्ता र प्रयोगात्मक ।
**सम्पर्क मिति**: २०८३/०२/२६ गते ४:३० वजे । **परीक्षाको मिति**: सम्पर्क मितिमा तोकिनेछ ।
**पेश गर्नुपर्ने आवश्यक कागजात**: शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, प्रशिक्षकहरूको इञ्जिनियरिङमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि र हस्तलिखित निवेदन ।
**विस्तृत जानकारीको लागि**: ९८५७८२३८६७, ९८५७८२१५६८, ९८४७८२५७१२, ९८४३५०६०४९

प्रधानाध्यापक

## श्री ज्योती सामुदायिक वन उपभोक्ता समूह

माण्डवी गाउँपालिका वडा नं. ५ चकचके, प्युठान

### गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८३।०२।१२ गते

श्री ज्योती सामुदायिक वन उपभोक्ता समूह माण्डवी गा.पा. वडा नं. ५ चकचकेको वनबाट उत्पादन भएको चकचके उपल्लो धारामा घाटगद्दी लट बनाई राखिएको खयर प्रजातिको गोलिया काठ थान ३७५ को ३६७.२५ क्युफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापकः ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com